स्थानीय सरकार

सम्पर्क नं.०२५-५४३०३०

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३
च.नं

मितिः२०८३/०३/०२

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना!!!

यस दुहवी नगरपालिकाको र GIZ विकास साझेदारीको सहकार्यमा सञ्चालित **SME Loops** कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको पदमा खुला प्रतिस्पर्धाद्वारा सेवा करारमा कर्मचारी नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र सं | विज्ञापन नं | किसिम | पद | तह | सेवा/समुह | जम्मा पद संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ६/२०८२/८३ | खुला | परियोजना समन्वयकर्ता | पाँचौ | करार | १ | 1000।- |

**दरखास्त सम्बन्धी विवरण**

**दरखास्त दिने अन्तिम मिति :**सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र।

**दरखास्त बुझाउने स्थान :**दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी, सुनसरी।

**छनोट प्रक्रिया :**संक्षिप्त सूची (Short Listing) तथा अन्तवार्ता।

**परीक्षा मिति र स्थान :**पछाडि सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

**उमेर हद :**प्रदेश लोक सेवा आयोगले तोके बमोजिम हुनेछ।

**न्यूनतम शैक्षिक योग्यताः**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवसाय प्रशासन (Business Administration), व्यवस्थापन (Management), कृषि स्नातक BSAG अर्थशास्त्र (Economics) वा सो सरह सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

**न्यूनतम अनुभवः** परियोजना समन्वय, परियोजना व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा कम्तीमा ३ (तीन) वर्षको व्यावसायिक कार्यानुभव प्राप्त गरेको हुनुपर्नेछ।

• स्थानीय सरकार, गैरसरकारी संस्था (NGO/INGO) वा विकास परियोजनाहरूमा कार्य गरेको अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

• वित्तीय प्रतिवेदन तयारी, बजेट व्यवस्थापन तथा स्रोत परिचालन/समन्वय सम्बन्धी कार्यानुभव भएको हुनुपर्नेछ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

प.सं.-२०८२/०८३
च.नं

वाञ्छनीय अतिरिक्त योग्यता:

- स्थानीय तह वा सरकारी निकायसँग समन्वय गरी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरेको अनुभव भएको।
- नेपाल सरकारको वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक खरिद ऐन तथा नियमावली, बजेट तथा लेखा प्रणाली एवं प्रतिवेदन सम्बन्धी मापदण्डहरूको पर्याप्त ज्ञान भएको।
- उद्यमशीलता विकास, साना तथा मझौला उद्यम (SME) प्रवर्द्धन, आर्थिक विकास कार्यक्रम वा निजी क्षेत्र विकास सम्बन्धी परियोजनाहरूको समन्वय तथा कार्यान्वयन गरेको अनुभव भएको।

**सेवा सुविधा तथा कार्यविवरण:**प्रचलित कानुन, नगरपालिकाको सेवा करार सम्बन्धी कार्यविधि तथा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र तथा लब्धाङ्कपत्रको प्रतिलिपि।
३. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
४. सम्बन्धित क्षेत्रको अनुभव प्रमाणपत्रको प्रतिलिपि।
५. आवेदन दस्तुर बुझाएको रसिद ।
६. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति।

२०८२/३/१२

**सुवर्ण घिमिरे**
प्रमुख प्रशासकीय अधिकृत